म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५७ मंगलबार २ माघ २०८० ने. सं. ११४४ पोहेलाथ्व 16 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थानकोटबाट चित्लाङका थोकरसहित ७ जना पक्राउ

हेटौंडा, १ माघ/चन्द्रागिरी नगरपालिका-३, थानकोटस्थित खाजाघरमा तास खेलिरहेका मकवानपुरका एक जनासहित सातजनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ उनीहरुलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा मकवानपुरको थाहा नगरपालिका-९, चित्लाङका ३० वर्षीय रामकृष्ण थोकरसहित सातजना छन् । महाशक्ति पेट्रोल पम्पनजिक मीना मगरको खाजाघरमा जुवातास खेलिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जानकारी गराएको छ । प्रहरीका अनुसार, नगद नौ हजार ९७० रुपैयाँ र एक बुक ताससहित उनीहरुलाई पक्राउ गरिएको हो ।

## 'समृद्धिको ढोका' मानिएको
# चित्लाङ-चन्द्रागिरी सडक धराप बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ 'हेटौंडा-काठमाडौं जोड्ने चन्द्रागिरीको उकालो, कान्तीराजपथको सीमात खोलाको उकालो जोखिमपूर्ण छ । बागमती प्रदेशका मन्त्रीहरु दिनहुँ यहीवाटो हिड्छन तर, डोजरले सम्याउने कसैको ध्यान जादैन, सायद यो काममा कमिसन नआउने भएर होला' भनेर मकवानपुरका अधिवक्ता ध्रुबप्रसाद चौलागाईले सामाजिक संजालमा तीब्र रोष प्रकट गरेका छन् ।



फेसबुकमा स्टाटस र युट्युबमा अन्तरवार्ता दिनेहरुले चितलाङ-चन्द्रागिरी सडकखण्डको स्तरोनतिका लागि अर्थ मन्त्रालयले गतवर्ष बिनियोजन गरेको १५ करोड रुपैयाँ कता गयो ? यस्को पनि जवाफ खोजौं न भनेर थाहा नगरका पत्रकार शम्भु अधिकारीले सामाजिक संजालमा लेखेका छन् । यस्ता प्रतिनिधिपात्रको लेखाई शनिबार दिउँसो चन्द्रागिरी नगर पालिका-४ पानीघाट नजिक हिमचुली सेतोपहरोमा भएको दुर्घटनामा डा.महेश गौतमको परिबार नै सखाप भएको बिषयउन्मुख छ ।

काठमाडौंबाट चित्लाङ जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ को कार सडकबाट करिब ५ सय मिटर तल खसेको थियो । यो घटना जति दर्दनाक छ, त्यति नै सामाजिक संजालमा सडकप्रति तीब्र गुनासो ब्यक्त भएका छन् । काठमाडौं-चन्द्रागिरी-चित्लाङ जोड्ने २२ किलोमिटर मोटरबाटो डरलाग्दो र धराप छ । यो सडक खण्डको अप्ठेरो भाग थानकोटदेखि चन्द्रागिरी डाँडासम्म छ । सडकका कारण सवारीसाधन टुटफुट हुनु सामान्य बनेको छ । सडक पहिले भन्दा केही फराकिलो भयो तर, कच्ची अवस्थाका कारण हिउँदमा धुलैधुलो र वर्षामा हिलाम्य हुनाले गाडी चलाउन कठिन छ ।

बर्षेनी धेरैको ज्यान लिइसकेको यो सडक हेर्ने सडक डिभिजन कार्यालय काठमाडौंका प्रमुख नारायणदत्त भण्डारी सरकारले पर्याप्त बजेट नपठाएकाले मर्मत सम्भार गर्न नसकेको बताउँछन् । 'सडक हुनुपर्ने जति विस्तार भएकै छ, प्रत्येक तीन महिनामा हामी हेभी इक्विपमेन्टबाट आफैंले इन्धन हालेर मर्मतसम्भार पनि गरेका छौं तर, त्यो बाटो मर्मत मात्रै गरेर हुँदैन', भण्डारीले भने । उनले थानकोट-चन्द्रागिरी-चित्लाङ सडक खण्डको २२ किलोमिटरमध्ये चार किलोमिटर अत्यन्तै जोखिमपूर्ण उकालो रहेकाले त्यसलाई सुधार गरेर कालोपत्रे नगरेसम्म सधैं दुःख हुने बताए ।

'चार किलोमिटर सडक मात्रै सुधार्दा पनि धेरै हदसम्म सडक सुरक्षित र सर्वसाधारणको यात्रा सहज हुन्छ र दुर्घटनाको जोखिम कम हुन्छ तर, त्यति कामका लागि पनि हामीसँग बजेट छैन', भण्डारीले भने । चालू आर्थिक वर्षमा डिभिजन कार्यालयमा २२ करोड रुपैयाँ माग गरेकामा २ करोड रुपैयाँमात्र पाएको छ । 'हामीले मागेको बजेटको १० प्रतिशत भन्दा कम आएको छ । अब यति बजेटले कति काम हुन्छ ?,' भण्डारीले प्रतिप्रश्न गरे ।

मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका र काठमाडौं जोड्ने चित्लाङ-थानकोट सडकलाई गणेशमान सिंह मार्ग नामाकरण गरिएको छ । वर्षौंदेखि अलपत्र सडकको स्तरीकरण भन्दा पनि नामाकरण गर्न हतार गर्ने राजनीतिक दलले नै सडकमा राजनीति गरिरहेको सर्वसाधारणको बुझाई छ । २०७३ सालमा सडक निर्माण सुरु गरेको ठेकेदार कम्पनीले निर्माणकार्यलाई भन्दा पनि सडक चौडा बनाउँदा निस्केको ढुंगा बेच्नेतर्फ ध्यान दिँदा चित्लाङ-थानकोट सडक त्यतिबेलादेखि अलपत्र परेको थियो । सरकारले २०६२ सालदेखि यो सडक निर्माण सुरु गरेको थियो ।

कुलेखानी-मार्खु-चित्लाङ-थानकोट मार्ग करिब १५ महिनाभित्र सकाउने पर्ने समयावधि भए पनि काठमाडौंतर्फको सडक निर्माण गर्ने ठेक्का पाएको पीएस/किराँतेश्वर जेभीले ५ वर्षसम्म पनि निर्माण कार्य पूरा नगरी सडकखण्डको ढुंगा निकालेर बिक्री गरिरह्यो । थाहानगरका तत्कालीन नगरप्रमुख लबशेर विष्टले निर्माण कम्पनीले ढुंगा बेच्न नपाएपछि काम नगरेको बताए । जिल्ला वन कार्यालय काठमाडौंले उत्खनन् गरिएका वनक्षेत्रको ढुंगा लिलामी गरेको थियो । ढुंगा लिलामीको ठेक्का पनि सडक निर्माणको ठेक्का पाएको पीएस/किराँतेश्वर जेभीले नै लिएपछि कम्पनीले ढुंगा निकासी गरेको थियो । कम्पनीले सडक बनाउन छोडेर ढुंगा निकासी गर्न थालेपछि नगरपालिका र स्थानीयबासीले अवरोध गरेका थिए ।

'यो सडक खण्डमा ६ किलोमिटर लम्बाई ढुंगाको पहाड छ । ठेकेदारले सडक बनाउनेभन्दा पनि त्यो पहाडबाट ढुंगा निकालेर बेच्न मात्रै काम गरेको थियो । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक निर्माणमा चासो देखाउँदै चित्लाङमा सर्वपक्षीय भेला पनि राखेको थियो । भेलामा सहभागी स्थानीयले ठेकेदार कम्पनीको लापरबाहीको कारण सडक निर्माण अलपत्र परेको बताएका थिए । चित्लाङ-थानकोट सडक (गणेशमान सिंह मार्ग) आयोजनाले थानकोट-चित्लाङ मार्गको काठमाडौंतर्फ पानीघाटदेखि देउरालीसम्मको २.५ किलोमिटरको चट्टानी पहाडमा समस्या भएको जनाएको छ ।

आर्थिक वर्ष २०७०/०७१ देखि हालसम्म यो सडकमा अरबौं रुपैयाँ खर्च भइसकेको आयोजनाले जानकारी दिएको छ । नेपालको प्राचीन सडक अर्थात् पुरातात्विक, ऐतिहासिक, धार्मिक महत्वका सम्पदाले भरिपूर्ण चित्लाङ जोड्न भीमफेदी-कुलेखानी-चित्लाङ-थानकोट मार्गको स्तरोन्नतिको लागि प्रदेश सरकारले चासो देखाएको हो ।

थानकोट-चित्लाङ सडकलाई समग्र मकवानपुर र विशेष उत्तरी क्षेत्र थाहानगर, इन्द्रसरोबर गाउँपालिकाले 'समृद्धि ढोका'को रुपमा लिने गरेको छ । थानकोट-चित्लाङ सडकमा अनावश्यक राजनीति भएकोले गर्दा बाटो निर्माणमा बजेट ल्याउन नसकेको प्रतिनिधिसभा सदस्य महेश बर्तौला बताउँछन् ।

देशकै प्रमुख पर्यटकीय गन्तव्य थाहानगर र ईन्द्रसरोवरको पर्यटनको विकासका लागि यो सडक छिटो निर्माण गर्न जरुरी छ । त्रिभुवन राजपथ सञ्चालन हुनुपूर्व काठमाडौं उपत्यकाको प्रवेशद्वार चित्लाङ थियो । भीमफेदीको चिसापानीगढीमा राहदानी लिएर मात्र चन्द्रागिरी भएर काठमाडौं उपत्यका प्रबेश गर्न पाईन्थ्यो । संस्कृति र इतिहासको अध्ययन गर्नेहरुका लागि महत्वपूर्ण गन्तव्यका रुपमा रहेको चित्लाङको नाम पहिले चित्रापुर थियो ।

चैत्य जाने बाटो भएकाले पछि यसको नाम चैतलोङ रहन गएको मान्यता छ । पछि अपभ्रंश भएर यसको चित्लाङ रहन गएको स्थानीयवासी बताउँछन् । चित्लाङको उत्तरतर्फ चन्द्रागिरी डाँडा र दक्षिणतिर महाभारत पर्वत श्रृंखला छ । २३ सय वर्ष पुरानो चित्लाङमा लिच्छिवीकालीन वास्तुकला र सम्पदा छन् । लिच्छवीकालदेखि नै काठमाडौंबाट तराई जान चन्द्रागिरी डाँडो पार गर्दै चित्लाङ भएर जान्थे ।

भीमफेदी, कुलेखानी, मार्खु, चित्लाङ, चन्द्रागिरी हुँदै काठमाडौंमा गाडी बोकेर लगेको ईतिहास छ । काठमाडौंमा मोटर पुऱ्याउन वीरगञ्जदेखि मकवानपुरको तत्कालीन सदरमुकाम भीमफेदीसम्म सडक खनिएको थियो । भीमफेदीबाट भने वरपरका गाउँका तन्नेरीहरुले बोकेर मोटर काठमाडौं पुऱ्याउथे । २०१३ सालमा त्रिभुवन राजपथ (बाइरोडको बाटो) निर्माण सुरु भएर २०१६ देखि संचालनमा आएपछि गाडी बोक्न छाडिएको हो ।

## हेटौंडाले जित्यो
# अन्तरपालिका फुटसल उपाधि

साझाकुरा संवाददाता




हेटौंडा, १ माघ/हेटौंडा उपमहानगरपालिकाले सहिद रुद्र पाखिन-बासुदेव घिमिरे स्मृति दोश्रो अन्तरपालिका स्तरीय फुटसल प्रतियोगिताको उपाधि जितेको छ ।

मकवानपुरगढी गाउँपालिका-३ मक्रान्चुलीस्थित भानु मिनिपिच (फुटसल)मा सोमबार भएको फाइनल खेलमा मकवानपुर गढी खेलकुद विकास समितिलाई ७-४ को गोलअन्तरले पराजित गर्दै हेटौडा उपमहानगरपालिकाले उपाधि जितेको हो । हेटौंडाले १ लाख २५ हजार पुरस्कारसहित शिल्ड र मेडल प्राप्त गरेको छ । उपविजेता बनेको मकवानपुरगढी खेविसले ७५ हजारमा चित्त बुझाएको छ ।

प्रतियोगितामा उत्कृष्ट गोलरक्षक हेटौंडाका सुजन लामा भए । मकवानपुरगढीका सुजन बोम्जन १५ गोलसहित सर्वाधिक गोलकर्ता बने । हेटौंडाका समिरराज थोकर बेस्ट प्लेयर र मकवानपुर गढीका दुर्लभ दुलाल उदयमान खेलाडीको रुपमा पुरस्कृत भएका छन् । थोकर 'ए' डिभिडज खेलेका खेलाडी हुन् । प्रतियोगितामा मकवानपुरगढी गाउँपालिकासहित हेटौंडा उपमहानगरपालिका, बागमती गाउँपालिका र थाहा नगरपालिका गरी ४ वटा पालिकाको ७ वटा टिमले सहभागिता जनाएको थियो ।

शनिवारदेखि ३ दिनसम्म सञ्चालन भएको खेलको समापन कार्यक्रममा प्रमुख अतिथि मकवानपुर गढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले विजेता टिम तथा खेलाडीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका छन् । कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाखिन नेपाली, वडा नम्बर-२ का वडाअध्यक्ष बखानसिं पाखिन, वडा नम्बर-३ का वडाअध्यक्ष भागवत घिमिरेलगायत विभिन्न संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिको आतिथ्यता थियो ।

मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष हीराबहादुर स्याङ्तानको सभाध्यक्षतामा भएको समापन कार्यक्रमको अवसरमा सहिद रुद्र पाखिन र बासुदेव घिमिरेको परिवारलाई सम्मान गरिएको थियो । मकवानपुरगढी-४ निवासी स्वर्गीय पाखिन १० वर्षे सशस्त्र जनयुद्धमा नेपाली सेनाबाट मारिएका सहिद हुन् । मकवानपुरगढी-५ कञ्चनथलीका बासुदेव घिमिरे जनआन्दोलन २०६२-६३ मा काठमाडौंमा ज्यान गुमाएका सहिद हुन् ।

# कार्यकर्ताको सहयोगबाट पार्टी कार्यालय निर्माण

साझाकुरा संवाददाता




हेटौंडा, १ माघ/हेटौंडा उपमहानगरपालिका-८, स्थित कमानेमा नेकपा एमालेको आफ्नै पार्टी कार्यालय निर्माण गरिएको छ । कार्यकर्ताबाट सहयोग उठाएर भवन बनाइएको हो ।

आफ्नै जग्गामा पार्टी वडा कमिटीको कार्यालय निर्माण गरिएको हो । एमालेका संगठित सदस्य, साधारण सदस्यहरु, शुभचिन्तकको सहयोगमा पार्टी कार्यालय भवन निर्माण गरिएको भवन निर्माण समितिका संयोजक एमाले जिल्ला कमिटीका सदस्य कुमार केसीले जानकारी दिए । कुल २५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको पार्टी कार्यालय भवनमा एउटा हल, कार्यालय कोठा, शौचालय निर्माण गरिएको उनले बताए ।

पार्टी कार्यालय भवन निर्माणका लागि ढुंगा, गिट्टी, इट्टा, बालुवा, सिमेन्ट, रडलगायतका निर्माण सामग्रीको सहयोग गरेको केसीले जानकारी दिए । भवन निर्माण गर्नका लागि करिब ६ महिना लागेको थियो ।

मकवानपुरमा एमालेको आफ्नै जिल्ला पार्टी कार्यालय छ । तर, १० वटै स्थानीय तहको पालिका कमिटी र सबै वडा कार्यालयको आफ्नै भवन भने छैन ।

# पर्वले एकताको शुत्रमा बाँध्न सघाउँछ: प्रदेशप्रमुख शर्मा



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले नेपालीले मनाउने चाडपर्वले आपसी मेलमिलाप, सद्भाव र सहिष्णुता अभिवृद्धि गरी राष्ट्रिय एकताको शुत्रमा बाँध्न सघाउ पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

सोमबार मनाइदै गरेको माघेसंक्रान्ति अर्थात माघी पर्वको अवसरमा शुभकामना सन्देश दिँदै प्रमुख शर्माले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिका कामना व्यक्त गरेका छन् । शर्माले हाम्रो देश नेपाल भौगोलिक, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण रहेको उल्लेख गर्दै शुभकामना सन्देशमा यी विविधताप्रति हामीले गौरव गर्नुपर्दछ भनेका छन् ।

'माघी थारु समुदायले हर्षोल्लासपूर्ण वातावरणमा मनाउने पर्व हो ।', प्रमुख शर्माले भने 'आजैका दिन अन्य समुदायबीच पनि मकरसंक्रान्तिका रुपमा यो पर्व मनाइन्छ । हाम्रा मौलिक सांस्कृतिक परम्पराहरुको संरक्षण तथा सम्बर्धन गर्दै अघि बढौं' उनले शुभकामना सन्देशमा भनेका छन् ।

# ६५ वर्षीया मोक्तान ओछ्यानमै मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ मकवानपुरगढी गाउँपालिकामा एक महिला सुतिरहेकै स्थानमा मृतअवस्थामा फेला परेकी छन् । मकवानपुरगढी-६ कल्लेखोलाकी ६५ वर्षीया प्रितीमाया मोक्तान ओछ्यानमै मृत भेटिएकी हुन् । ओछ्यानमै मृत भेटिएको र घटनाबारे अनुसन्धान भइरहेको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । सुतिरहेको अवस्थामा मोक्तानलाई मृतअवस्थामा देखेपछि आफन्तले प्रहरीलाई खबर गरेका थिए । शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको र मृत्युको कारण खुल्न नसकेको डिएसपी भण्डारीले जानकारी दिए ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।




**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# साक्षरता घोषणामा सीमित नबनोस्

बिगतका दिनमा हाम्रो समाजमा खुला दिसामुक्त, खुला चरिचरणमुक्त, धुवाँमुक्त, खरको छानोमुक्त, पूर्ण खोपयुक्त जस्ता अभियान घोषणाको लहर चल्यो । अझ भनौं भने यस्ता घोषणा अभियान होडबाजीका रुपमा चलाइयो । घोषणापछिका दिनमा खासै चासो दिइएन । बालमैत्री स्थानीय तह घोषणा भएका कतिपय स्थानीय तहमा अझै सबै सूचक पूरा हुन सकेका छैनन् । उदाहरणका लागि मनहरी, बकैया गाउँपालिका काफी छ । हेटौंडा उपमहानगर पनि बालमैत्री घोषणाको अन्तिम तयारीमा छ । बागमती प्रदेशलाई साक्षर प्रदेश बनाउने दुईवर्ष अघिको घोषणा पनि यस्तै भएको छ । साक्षर प्रदेश घोषणाले निरन्तरता पाउन नसकेपछि सरोकारवाला नै चिन्तित भएको अवस्था छ । घोषणामा नै सीमित बनेको साक्षर प्रदेशको सरकार ले यो बिषयमा खासै चासो देखाएको पाइदैन । २ वर्ष अघि बागमती प्रदेश सरकार ले साक्षर प्रदेश घोषणा गरेपनि निरन्तरताका विषयमा कुनै योजना नहुँदा घोषणामै सीमित भएको हो । साक्षर प्रदेश घोषणा गरेपछि त्यसको निरन्तरताका लागि गर्नुपर्ने कार्यक्रम संचालन हुन नसक्दा अभियान प्रभावकारी बन्न सकेन । नेपाल सरकारले पहिलोपटक २०६५ सालमा साक्षरता अभियान सुरुवात गरेको थियो । त्यतिबेला दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने लक्ष्य राखिएको थियो ।

नेपालका अझै एकदर्जन जिल्ला साक्षर घोषणा हुन बाँकी छ । मधेश प्रदेशका ८ जिल्ला र कर्णाली प्रदेशका ५ जिल्ला पूर्णसाक्षर घोषणा हुन सकेका छैनन् । ६४ जिल्ला साक्षर घोषणा गरिएको छ । देशभर एक सय ६१ पालिका अझै साक्षर घोषणा हुन बाँकी छ । कुल जनसंख्याको न्यूनतम ९५ प्रतिशत साक्षर भएका जिल्ला, पालिका वा प्रदेशलाई साक्षर घोषणा गर्न सकिने संयुक्त राष्ट्रसंघको विश्वव्यापी मान्यता छ । सरकारले आर्थिक वर्ष २०८०/८१ भित्र नेपाललाई साक्षर नेपाल घोषणा गर्ने लक्ष्य राखेको छ । बागमती प्रदेशको शिक्षा तथा मानव स्रोतविकास केन्द्रको पछिल्लो तथ्यांक अनुसार पाँच वर्षमाथिको साक्षरता दर ७६ दशमलव २ प्रतिशत छ । त्यस्तै, १५ देखि ६० वर्षसम्मको साक्षरता दर ८५ प्रतिशत मात्र छ । गत २०७८ असोज ११ मा बागमती प्रदेशलाई पहिलो साक्षर प्रदेश घोषणा गरिएको थियो । प्रदेशको सामाजिक विकास मन्त्रालयले आयोजना गरेको कार्यक्रममा तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले बागमतीलाई साक्षर प्रदेश घोषणा गरेकी हुन् । ४ असोज २०७८ मा काठमाडौंलाई साक्षर जिल्ला घोषणा गरेसँगै प्रदेशलाई साक्षरता घोषणा गरिएको हो । घोषणाको २ वर्षपछि बागमती प्रदेशको साक्षरता दर कति छ ? भन्ने विषय निर्देशनालयलाई नै जानकारी छैन । प्रदेशका १३ जिल्लामध्ये सिन्धुपाल्चोक पहिलो साक्षर जिल्ला घोषित भएको थियो । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमा साक्षर बागमती प्रदेश घोषणा २०७८ लेखिएको स्तम्भ अनावरण गर्दै साक्षर प्रदेश घोषणा गरिएको थियो ।

मन्त्रालय परिसरमा शिक्षाको प्रतीकका रुपमा १३ ओटा बिरुवा पनि रोपिएको थियो । साक्षर प्रदेश घोषणापश्चात् प्रदेश सरकारले निरन्तरताको कार्यक्रम ल्याउन नसक्दा साक्षर प्रदेश घोषणामै सीमित बन्यो । तत्कालीन समयमा सामाजिक विकास मन्त्रालयले युनेस्कोको परिभाषा अनुसार बागमती प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने निर्णय गरेको हो । सामाजिक विकास मन्त्रालयले प्रदेशमा १५ देखि ६० वर्षबीचका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर भइसकेकाले सकारात्मक सन्देश प्रवाह गर्न भन्दै बागमतीलाई साक्षर प्रदेश घोषणा गरेको थियो । मन्त्रालयका अनुसार घोषणाका समयमा प्रदेशमा निरक्षर रहेका नागरिकलाई साक्षर बनाउने कार्यलाई तीव्रताका साथ पहल गरिने जनाइएको थियो । साक्षर प्रदेश घोषणापश्चात् निरक्षर नागरिकलाई सामुदायिक सिकाइकेन्द्र सञ्चालन गर्नुपर्ने थियो । तर, सरकारले सामुदायिक सिकाइकेन्द्र सञ्चालनका लागि कुनै बजेट व्यवस्था गरेन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ ३ गते बुधबार १७ जनवरी २०२४ । सप्तमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:३० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# एरिक सोल्हेम, प्रचण्ड र ज्ञानको सीमा



✍ राजेन्द्र बजगाई

**नर्वेका** पूर्वमन्त्री एरिक सोल्हेमले पूर्व संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम यूएनडीपीका प्रमुखले एक ट्वीट गरेका रहेछन् । एरिक सोल्हेम अहमदाबादमा आयोजित 'भाइब्रन्ट गुजरात' समिटमा बोल्दा म निकै उत्साहित थिएँ भनेर लेखेका रहेछन् । गृहमन्त्री अमित शाह र मुख्यमन्त्री भूपेन्द्र पटेलसँगै प्रधानमन्त्री मोदीको गृहराज्यमा बोल्न पाउँदा मलाई खुसी लाग्यो भन्दै 'ग्रीन हाइड्रोजन' र भारतीय हरित कार्यक्रमको चर्चा गरेका रहेछन् ।

मैले पनि गुजरातको सक्रिय नेतृत्वले ग्रीन हाइड्रोजन, सौर्य, वायु, विद्युतीय गतिशीलता र अन्य धेरैमा अचम्मको लगानी आकर्षित गरेको हेरिरहेको छु, बस् टुलुटुलु हेरिरहेको छु । केही समयअघि मसहित सांसद साथीहरू प्रदीप पौडेल र माधव सापकोटा ओआरएफको इनर्जी समीटमा गएका थियौं जहाँ मैले पाँच मिनेट हस्तक्षेप गरेको थिएँ बाँकी विचारहरू मैले एक लेख प्रकाशित गरेर समेटेको पनि छु ।

दिल्लीमा आयोजित ओआरएफ समीटमा अस्ट्रेलियाका दोस्रो धनी प्रमुख वक्ता एन्ड्र्यु फरेस्टलाई देखें । त्यहाँ उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको खुलेर प्रशंसा गरेको सुनें । भारत इनर्जी ट्रान्सफर्मेसन-ट्रान्जिसनमा निकै प्रतिवद्ध देश भनेर उनले प्रशंसा गरेका थिए । एकछिन पछि मैले उनलाई सोधें कि नेपालमा तपाईंहरूको हाइड्रोजन उत्पादन गर्ने प्रयास कहाँ पुग्यो ? मेरो चासोप्रति उनले नेपालको अग्रसरता नै छैन भन्ने संकेत पाएँ । उनलाई आफूले नेपालको उर्जा सम्बनधी कानुन परिमार्जित हुँदैछ मैले यसलाई समेट्ने कोसिस गरेको छु भनेको थिएँ ।

नेपालमा ग्रीन हाइड्रोजनमा लगानी गर्ने अभिप्रायले आफ्नै जहाज चार्टर गरेर मध्यकोभिडमा नेपाल आएका एन्ड्रयुले १० हजार मेगावाट जलविद्युत निर्माणको लागि प्रस्ताव राखेका थिए । उक्त प्रस्तावको साक्षी तत्कालीन परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली हुनुहुन्थ्यो र उक्त प्रस्ताव लगानी वोर्डमा खिया लागेर छिपेर बसेको छ । यस्तो लाग्छ सर्वदलीय मध्यस्थकर्ता (छुच्चो भएर भन्दा दलाल) ले मात्र यो फाइल पाएर पसिनाको सेयर लिन मेहनत गरे पनि हुने तर त्यो पक्कै असम्भव हुनेछ कि एन्ड्रयु फरेस्टहरू यस्तो काममा विश्वास गर्दैनन् ।

भारतले अहिलेदेखि २०४९ सम्मको समयलाई अमृतकाल भनेको छ यो अवधिले भारतीय नागरिकलाई स्वतन्त्रताको सय वर्षको वार्षिकोत्सवमा उच्च प्रतिव्यक्ति आय र गरिबी निवारणको हर्ष साँट्ने पर्वको रूपमा मनाउनेछ ।

भारत अहिले प्रति वर्ष सात प्रतिशतको वृद्धिदरमा अघि दौडिरहेको छ, जुन संसारको कुनै पनि प्रमुख अर्थतन्त्रको उच्च दर हो । जनता केन्द्रित हरित वृद्धिले भारतलाई उच्च आय भएको देश बनाउने र सबै भारतीयहरूलाई गरिबीबाट बाहिर ल्याउनेछ । गुजरात मोडेल अहिले भारतका प्रगतिशील राज्यहरूको कोषेढुंगा बनेको छ । यहाँ एउटा संयोग पनि कस्तो रह्यो भने हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र म एउटै जिल्लाबाट निर्वाचनमा भाग लिएर जितेर आएका हौं, अर्थात् हामी एकै जिल्ला दुइ निर्वाचित प्रतिनिधि हौं । क. प्रचण्डले मलाई गोरखा ल्याउनमा राजेन्द्र बजगाईंको प्रमुख हात रहेको भनेर चुनावी अभियानमा सम्बोधन पनि गर्नु भो ।

यसो त प्रधानमन्त्री मज्जाका हुनुहुन्छ । गोरखा सदरमुकाममा एकजना कांग्रेस समर्थक कर्मचारीले ६४ सालको निर्वाचन पछि लोकतान्त्रिक प्रथम प्रधानमन्त्री अत्यन्त कठोर होलान् भन्ने कौतुहलता बोकेर स्वागतार्थ मालामा लामबद्ध भएको बेला कमरेड प्रचण्डसँग हात मिलाएछन् । उनी कमरेडको हात निकै नरम कमलो पाएछन् त्यो दिन उनले खाना पनि खाएनन् हात पनि धोएनन् ।

क. प्रचण्डलाई नेपाली राजनीतिमा उनी अत्यन्त लचक रबरजस्ता देखिन्छन् र मैले पनि त्यस्तै बुझेको थिएँ ! कमरेड प्रत्येक मानिसका भावना बुझेको देखाउन सक्ने सोहिअनुरूप संवादमा आउनेहरूलाई विचार बनाउन बाध्य बनाईदिन सक्ने तर आफ्नो कोर ध्येय नबिर्सने लचिलो तर तन्केको रबरले हान्दा कसरी दुख्छ त्यति कठोर पनि हुन् भन्ने कूरा मान्छेहरूले बुझेका छैनन् भन्ने निश्चय लिएको छु ।

निर्वाचन दौरानमा अलि गहिरिएर कुरा गरियो गोरखाकै विकास निर्माणका कुराहरू भए । सर्वप्रथमह मैले टिकट लिएर गोरखा जाँदा उहाँले कसरी ल्याउनु भो टिकट मैले त चीनकाजीलाई बधाई दिएर आएको भन्नुभो ! निर्वाचन दौरानमा बूढीगण्डकी परियोजना निर्माण गोरखकाली रबर उद्योगलगायतमा अभिरुचि बढेको सन्देश पठायौं ।

सरकार बन्नेबेला निकै नमिठो अनुभव भयो एमालेको प्रस्तावमा सरकार बन्यो नेपाली वामशक्तिहरू एकताको शृंखला फेरि आरम्भ भयो । हाम्रो सभापति शेरबहादुर देउवासँग करिब करिब संवाद ठप्प थियो । दोहोरो भेटहरू पछि मैले मेरै ह्वाट्सऐपबाट कल लगाएर सुरू भएको हो । दुईजनाले लाल सलाम र जय नेपालबाट रोकिएको संवाद सुरू गरेका थिए ।

त्यसको एक हप्तामा उनीहरूको डिनर आरम्भ भयो डिनरको निरन्तरता ६/७ पटक चल्यो लगत्तै कांग्रेसले प्रचण्डलाई विश्वासको मत दिने घोषणा गर्यौं ।

मैले सारमा क. प्रचण्डको अभिरुचि के हो भन्ने अभिप्रायले निर्वाचनभरि भारत र चीनका सरकार प्रमुखहरू संसारका प्रतिष्ठित उद्योगपतिहरूलाई आमन्त्रण गर्छन् भेट्नै जान्छन् तपाईंले प्रधानमन्त्री भैसके पछि केही प्रयास गर्न सक्नुहुनेछ भनेको थिएँ । फेसबुक, गुगल, माइक्रोसफ्ट, एमजोन, ट्विटरका प्रवर्तक र कार्यकारीलाई डेटा सेण्टरहरू खोल्न अनुरोध गर्न सकिन्छ भनेर सुझाव पनि दिएँ । वस्ती स्थानान्तरण गरेर विकासको मूलधारमा ल्याउने वफरलाई जडिबुटी प्रशोधन पर्यटन पूर्वाधार र ढुवानीका लागि ठुल्ठूला एअरवेश बनाउने, उत्तर दक्षिण ३२ चक्के लरी गुड्ने सडक र पूर्वपश्चिम रेललगायतका ठूला पूर्वाधारमा सरकार अघि बढ्नुपर्छ भनेको थिएँ । प्रधानमन्त्रीले ती सबै काम हुन्छ हुन्छ भन्नुभयो । किनकि उहाँ निकै नरम व्यक्ति हुनुहुन्छ हुन्न भन्नै जान्नुहुन्न ।

फर्केर इनर्जी ट्रान्जिसनमा एरिक सोल्हेम र एण्ड्रयू फरेस्टको नेपालप्रतिको रुचि र तीव्र जिज्ञासामा प्रधानमन्त्रीको ध्यान भंग हुन्छ भन्ने लागेको भए यो लेख लेख्नै पर्दैथ्यो। प्रधानमन्त्रीको ज्ञानको विषयमा मलाई शंका छैन उहाँले नजानेको विषय केही छैन । किनकि उहाँ छर्रा हान्ने भरूवा बन्दुकमात्रै होइन एम सिक्सटीनकै बारेमा पनि धेरै जानकार हुनुहुन्छ । कुनै यस्तो विषय लिएर उहाँकहाँ पुग्दा पहिल्यै जानकार रहेको प्रतिक्रिया पाउनुहुनेछ । तर जानकार हुनु र कार्यान्वयनको तहमा लैजानु फरक कुरा हुन् भनेर उहाँलाई बुझाइदिने को निस्किएला ?

*(साभार: बाह्रखरी)*

# राष्ट्रको गरिबी बाध्यता कि हाम्रै छनोट ?



✍ डम्बर खतिवडा

**गरिब** राष्ट्र र गरिबीमा बाँच्न विवश समाजमा एक बलियो 'भ्रमको प्रेतात्मा' घुमिरहेको हुन्छ- गरिबी एक बाध्यता हो, व्यावहारिक यथार्थ हो, जीवन-सत्य हो । यसलाई स्वीकार गर्नुको कुनै विकल्प छैन । यसबाट मुक्ति पाउने कुनै उपाय छैन । संसारभरि नै मान्छे यस्तै गरिबी र दु:खमा बाँचिरहेका होलान् । दुनियाँमा अधिकांश मान्छे हामी जस्तै गरिब होलान् ।

मार्क्सवादी विचारधाराले यो भ्रमलाई सघनीकरण गर्न अझ मद्दत गर्दछ । त्यसले यो भन्छ कि पूँजीवादी उत्पादन प्रणाली भएको समाजमा द्वि-वर्ग संरचना हुन्छ । ९५ प्रतिशत मानिस श्रमिक, गरिब वा सर्वहारा हुन्छन् । ५ प्रतिशत मानिस मात्र धनी वा बुर्जुवा हुन्छन् । धनी, बुर्जुवा, सुखी, सम्पन्न वा समृद्ध हुनु भनेको 'शोषक' हुनु हो । धनी भएर शोषक कहलिनु भन्दा बरु गरिब नै बाँकी रहनु राम्रो ।

समकालीन विश्वलाई पूँजीवादको जगजगी वा दिग्विजयको युग मान्ने दृष्टिकोणबाट आज विश्वभरि ५ प्रतिशत मान्छे मात्र धनी र ९५ प्रतिशत मान्छे गरिब हुनुपर्ने हुन्छ । तर, यथार्थ भने ठीक उल्टो छ । सन् १९७० को दशकसम्म यो धारणा संसारभरि नै निकै बलियो थियो । पश्चिम युरोप, अमेरिका, सोभियत संघ र जापान बाहेक अधिकांश देश 'तेस्रो विश्व' वा गरिब राष्ट्रमा गणना हुन्थे । यहाँसम्म कि ल्याटिन अमेरिकी तथा पूर्व युरोपेली देश र चीन समेत गरिब मानिन्थे । सन् १९९० देखि २०२३ सम्म ३३ वर्षको आर्थिक विकासक्रम र तथ्यांकलाई हेर्दा विश्व परिदृश्य विल्कुलै फरक भएको छ । सन् १९९० मा विश्व जनसंख्याको ५७ प्रतिशत मानिस निरपेक्ष गरिबीको रेखामुनि थिए, अब ८.५ प्रतिशत मानिस मात्र छन् ।

विश्व जनसंख्या अहिले करिब ८ अर्ब छ भने यस मध्ये ६८ करोड मानिस मात्र गरिबीको रेखामुनि छन् । सम्पूर्ण युरोपेली र अमेरिकी राष्ट्र तथा चीनको अधिकांश जनसंख्या हिस्सा गरिबीबाट बाहिर निस्किसकेको छ । खाडी, मध्यपूर्वी तथा अरब देशहरूले यस बीच आश्चर्यजनक आर्थिक प्रगति गरेका छन् ।

विश्वको तीन बटा क्षेत्रमा मात्र गरिबी मुख्यगरी बाँकी छ अब । पूर्वी एशिया, दक्षिण एशिया र सब-सहारा अफ्रिका । कतिपय अफ्रिकी मुलुकले पनि यस बीच तीव्र आर्थिक विकास गर्दैछन् । दक्षिण अफ्रिका, युगान्डा, घाना, कंगो, रुवान्डा, नाइजेरिया, इथियोपिया जस्ता देशको तीव्र आर्थिक विकासले सहारा अफ्रिकी क्षेत्रको गरिबी न्यूनीकरणमा ठूलो योगदान गर्दैछ ।

सन् १९९० मा यस क्षेत्रमा विश्वका कुल निरपेक्ष गरिबमध्ये ५९ प्रतिशत मानिस बस्थे । सन् २०२२ को अन्त्यसम्ममा यो तथ्यांक ३५ प्रतिशतमा झर्यो । दक्षिणपूर्वी एशियामा सन् १९९० मा १४ प्रतिशत निरपेक्ष गरिबी थियो अब १ प्रतिशतमा झरेको छ । तर, दक्षिण एशियाको अवस्था भने अझै पनि निराशाजनक छ । सन् १९९० मा दक्षिण एशियामा विश्वका निरपेक्ष गरिबमध्ये २८ प्रतिशत बसोबास गर्थे, अहिले २४ प्रतिशत छन् ।

यसले के पुष्टि गर्दछ भने दक्षिण एशियाको गरिबी निवारण दक्षिणपूर्वी एशिया र सब-सहारा अफ्रिकाको भन्दा पनि धेरै कमजोर वा अप्रभावकारी छ । सब-सहारा अफ्रिकामा २४ (५९-३५) प्रतिशतले घट्दा दक्षिण एशियामा (२८-२४) ४ प्रतिशतले मात्र गरिबी घटेको छ ।

भनिरहनु परेन- दक्षिण एशियामा नेपाल आर्थिक विकासका दृष्टिकोणले अफगानिस्तान पछिको सबैभन्दा कमजोर मुलुक हो । दक्षिण एशियामा मालदिभ्सको प्रतिव्यक्ति आय करिब १२ हजार डलर पुग्दा नेपालको मुस्किलले १४ सय डलर पुग्दैछ । यहाँसम्म कि श्रीलंका र पाकिस्तान जस्ता आर्थिक संकट तथा ऋणको पासोको समस्या सामना गरिरहेका देश पनि नेपालभन्दा माथि छन् । भुटान, बंगलादेश र भारतले नेपाललाई दोब्बर बढीले उछिनिसकेका छन् । युद्ध अन्त्य र राजनीतिक स्थिरता हासिल गर्न सके अफगानिस्तानले पनि नेपाललाई पर्खिबस्दैन ।

संसारको सबैभन्दा गरिब उपमहादेश दक्षिण एशियाको दोस्रो गरिब मुलुक हुनुको नाताले हामी नेपालीलाई के लाग्छ भने गरिबी हाम्रो बाध्यता हो । हाम्रो राष्ट्रको विशेषता हो । गरिबी हाम्रो त संस्कार र संस्कृति जस्तो भइसक्यो, संसार पनि यस्तै होला । हामी त सधैं यस्तै थियौं, यस्तै छौं । तर, यो विल्कुलै गलत धारणा हो ।

गरिबी अब कुनै पनि राष्ट्रका लागि बाध्यता हैन, छनोट हो । विवशता हैन, मूर्खता हो । नियति वा अभिशाप हैन, अक्षमता र अयोग्यता हो । विश्वको प्रतिव्यक्ति आय नै १४ हजार डलर, दक्षिण एशियाको सबैभन्दा धेरै माल्दिभ्सको भन्दा पनि बढी भइसकेको छ । विश्व बजारमा अब वस्तु तथा सेवाको अपर्याप्तता छैन । वित्तीय अभाव पनि छैन । प्रश्न अब 'उत्पादन' को हैन, 'वितरण' को हो । न्यायको हो ।

यहाँनेर कतिपयले प्रश्न उठाउन सक्दछन्- रहरले कसैले गरिबी छनोट गर्छ ? गरिबी पनि छनोटको विषय हुन्छ कतै ? धनी हुने, सुखी, सम्पन्न हुने इच्छा वा रहर कसलाई हुँदैन ? सबैलाई हुन्छ ? फेरि यो कसरी छनोट हो ? कुन नेपाली नागरिक धनी हुन चाहँदैनन् ? गरिबीलाई रहर वा छनोट भन्न मिल्ला ?

मिल्दैन । सही हो, रहरले कोही गरिब रहन चाहँदैन । जानी-जानी कसैले गरिबी छनोट गर्दैन । यो व्यक्ति वा नागरिक तहको प्रश्न हैन । राष्ट्र गरिब रहेर सबै नागरिक धनी हुन सम्भव हुँदैन । सबै नागरिक धनी भए राष्ट्र स्वत: धनी हुन्छ । व्यक्तिगत तहमा निश्चित मानिस के सोच्छन्, त्यो कुरा यो बहसमा आकर्षित हुँदैन । [illegible]

अबको दुनियाँमा कुनै राष्ट्र धनी हुन चाहन्छ, धनी हुन योग्य विकल्प छनोट गर्दछ भने उसलाई कसैले गरिब राख्न सक्दैन । यदि हामी गरिब छौं भने यो हाम्रो छनोट नै हो, हैन भने हामीलाई कसले धनी हुन रोकेको छ ? कसले गरिब भइराख भनेको छ ?

अक्सर हामी भन्छौं कि कुनै देश धनी हुन आत्मनिर्भर तथा उत्पादनशील अर्थतन्त्र चाहिन्छ । यो पूर्णत: गलत धारणा हैन, तर सत्य पनि हैन । परम्परागत आत्मनिर्भरता असंभव कुरा हो । यदि विश्व अर्थतन्त्रको लागतस्तर, मूल्य शृंखला, बजार र मुनाफासँग जोडिएन भने उत्पादन भार वा बोझ बन्न पुग्दछ । उत्पादनमा गरेको लगानी खेर जान सक्दछ ।

संसारमा पछिल्लो चरणमा जति पनि देश धनी भएका छन्- उत्पादनशील अर्थतन्त्र वा आत्मनिर्भर भएर धनी भएका हैनन्, अन्तर्राष्ट्रिय मूल्य शृंखलामा आफ्नो लाभदायक स्थानको खोजी गरेर हो । चीन वा दक्षिणकोरियाको उत्पादनशील अर्थतन्त्र यदि विश्वभरिको बजार र निर्यात अवसर को भएको भए टिक्ने थिएन ।

सिंगापुर, ताइवान, हङकङ, युएई, कतार, दक्षिण अफ्रिका, युगान्डा, रुवान्डा, इथियोपिया जस्ता देशले पछिल्लो चरणमा गरेको आर्थिक विकास सबै स्रोतसाधन आफ्नै देशभित्र भएर, आत्मनिर्भर र उत्पादनशील अर्थतन्त्र निर्माण गरेर संभव भएको हैन ।

अर्को पक्ष- राष्ट्रहरूलाई गरिबीबाट बाहिर निस्कन अब हिजोको युरोपको जस्तो शताब्दीऔं लामो समयावधि पनि लाग्दैन । कुनै राष्ट्र यदि उचित विकल्पको छनेट गरेर तीव्र इच्छा शक्ति र संकल्पका साथ हिंडिरहेको छ भने गरिबीबाट बाहिर निस्कन लाग्ने अधिकतम समय १० देखि ३० वर्ष पर्याप्त हो । त्यसका लागि निरन्तर दुई अंकको आर्थिक वृद्धिदर जरूरी छैन, जो अक्सर भन्ने गरिन्छ । औसत ७ प्रतिशतमाथिको आर्थिक वृद्धिदर काफी हुन्छ । दुर्भाग्यको कुरा हो कि नेपालले २०४६ सालयता ३४ वर्ष बिताइसकेको छ, यही अवधिभित्र गरिबीबाट बाहिर निस्केर एक मध्यम आय भएको देश बन्न सक्थ्यो ।

मानौं कि यस अवधिको एउटा लामो कालखण्डमा माओवादी सशस्त्र युद्ध, अशान्ति, राजा ज्ञानेन्द्र शाहको नाटकीय उदय र अस्वाभाविक तानाशाही, त्यसले निम्त्याएको नयाँ राजनीतिक ध्रुवीकरण, शान्ति प्रक्रिया र नयाँ संविधान निर्माणका जटिलता, नाकाबन्दी, महाभूकम्प तथा राजनीतिक अस्थिरता जिम्मेवार रहे । तर, त्यसयताको करिब एक दशकले समेत सही बाटो किन समातेन ? कोभिड-१९ मात्र त्यसो हुनुको पर्याप्त कारण हैन । कोभिड-१९ लाई त संसारका धेरै देशले अवसरमा परिणत गरे । त्यसो गर्न नसक्नेहरूले पनि कोभिड-१९ को कारण उत्पन्न आर्थिक शिथिलता 'मेकअप' गरि सके । ती अर्थतन्त्रहरू तंग्रिइसके । त्यसो भए नेपाल अझै कहाँनेर अल्झिरहेको छ त ? किन नेपाल राष्ट्रका सामु गरिबी एक जीवित सत्य बनेर अझै ठिङ्ग उभिएको छ ? किन मान्छेले यसलाई नियतिका रूपमा स्वीकार गरेका छन् ? [illegible]

गरिएका कारण भने उस्तै उस्तै छन् ।

पहिलो कारक त अशान्ति, युद्ध अवस्था र राजनीतिक अस्थिरता हो, भनिन्छ । अफगानिस्तानले भोगिरहेको नियतिसँग यो निष्कर्ष मिल्छ । र, २०५०-२०६० को दशकका लागि नेपालसँग पनि मिल्छ । तर, युद्ध, सशस्त्र विद्रोह वा अशान्ति भन्दा राजनीतिक अस्थिरता अझ कठोर शब्दावली हो । देशले भोगेको निरन्तर 'राजनीतिक अस्थिरता' र 'नियन्त्रित अस्थिरता' को भूराजनीतिक परिप्रेक्ष्यमा हामीले राजनीतिक स्थिरताको कुनै सार्थक खोजी गरेनौं भने त्यो हाम्रो छनोट हो, बाध्यता हैन । हामीले आफ्नो शासकीय स्वरूप र राजनीतिक संस्कृतिमा सामूहिक रूपले किन राजनीतिक स्थिरताको विकल्प छनोट गर्न चाहेनौं ? यो बाध्यता हो कि छनोट हो ? नि:सन्देह छनोट हो ।

दोस्रो प्रश्न भ्रष्टाचार र कुशासनको हो । भ्रष्ट र कुशासित मुलुक संसारमा विकसित वा धनी भएको कुनै उदाहरण छैन । तिनै देशहरू प्रतिव्यक्ति आय र मानवीय विकास सूचकमा उच्च स्थानमा देखिन्छन् जुन ट्रान्सपरेन्सीको प्रतिवेदनमा कम भ्रष्ट देखिन्छन् । सन् २००४ यता नेपाल ट्रान्सपरेन्सीको 'करप्सन पर्सेप्सन इन्डेक्स' मा सामेल भएको हो । दुई दशकमा ३४ अंकभन्दा बढी कहिल्यै पाएन ।

भ्रष्टाचार र कुशासन हाम्रो छनोट हो कि बाध्यता ? नि:सन्देह छनोट हो । भ्रष्टाचार र कुशासन अन्त्यको कुनै आर्थिक लागत हुँदैन । भौतिक पूर्वाधार निर्माण तथा मानवीय विकासमा लगानी जस्तो यसका लागि कुनै विशेष योजना, कार्यक्रम र बजेट चाहिँदैन ।

जस्तो कि जँड्याहा हुन बरु जाँड किन्ने पैसा चाहिन्छ तर रक्सीको कुलत छोड्न कुनै पैसा चाहिँदैन । रक्सी पिउन छोडिदियो सकियो । तर, कुलत यति बलियो भयो कि पुनर्स्थापना केन्द्रमै लगेर उपचार गर्नुपर्‍यो भने फेरि पैसा चाहियो । नेपालका लागि भ्रष्टाचार र कुशासन यस्तै समस्या भइदियो । यो कुलत हामी सबैले छोड्ने हो भने विना लागत देशले समृद्धिको एक आधार प्राप्त गर्थ्यो ।

अधिकांश अर्थशास्त्री अचेल यही भन्छन् कि आर्थिक विकास र समृद्धिको कुनै भिन्नै सूत्र हुँदैन । समृद्धि सुशासन र स्वशासनको अपरिहार्य प्रतिफल हो । हामीलाई न स्वशासनमा रुचि छ न स्वशासनमा भने गरिबी हाम्रो बाध्यता हैन, छनोट बन्न पुग्दछ ।

राजनीतिक स्थिरता र सुशासनपछि समृद्धिको तेस्रो अहं आधारशिला संसारभरि नीतिगत प्रष्टतालाई मानिन्छ- सन् १९९० पछिको उदारीकरणका अनेक कमजोरी नभएका हैनन्, तर, विश्वको गरिबी किन यही अवधिमा उल्लेखनीय ढंगले घट्यो ? यसको जगमा रहेको भूमण्डलीकरण र उदारीकरणको प्रभाव र योगदानलाई कसैले अस्वीकार गर्न सक्दैन ।

चीनमा देङ सियाओ पिङले अर्थतन्त्रको सुधार, भूमण्डलीकरण र उदारीकरण अलिक छिटो सुरु गरे, परिणाम पनि छिटो आयो । भारतमा पीभी नरसिंह राव र मनमोहन सिंहले केही ढिलो सुरु गरे । परिणाम आउन अलिक ढिलो भएको छ । तर, विगत केही वर्षयताका आर्थिक सूचकले भन्छ कि भारत अब आर्थिक विकासको नयाँ दौडमा सामेल भइसकेको छ, रमिते बनेर किनारामा उभिएको मात्र छैन ।

क्रमशः पृष्ठ-३....

६ महिनाको अर्थतन्त्र :

# सरकारको खातामा थुप्रियो २ खर्ब, पूँजीगत खर्च निराशाजनक



काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०८०/८१ को ६ महिनामा सरकारको ट्रेजरीमा २ खर्ब रुपैयाँ थुप्रिँदा पनि पूँजीगत खर्च निराशाजनक छ ।

गत पुस २६ सम्म सरकारको ट्रेजरीमा २ खर्ब १ अर्ब रुपैयाँ सञ्चित रहेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ । यो रकम स्थानीय तहको सञ्चित कोषको ६० प्रतिशत वाणिज्य बैंकहरूले निक्षेपको रूपमा गणना गरेकोबाहेक हो ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार पुस मसान्तसम्म ४९ अर्ब २३ करोड ५८ लाख रुपैयाँ मात्रै पूँजीगत खर्च भएको छ । जुन यस आवमा सरकारले राखेको लक्ष्यको १६.३ प्रतिशतमात्र हो । यो वर्ष सरकारले ३ खर्ब २ अर्ब ७ करोड रुपैयाँबराबर पूँजीगत खर्च गर्ने लक्ष्य राखेको छ । सुस्त पूँजीगत खर्च हुनुमा सरकारको तर्क परम्परागत छ ।

अर्कोतिर, संघीय सरकारले स्रोत अभावमा काम भइसकेको भुक्तानी पनि गर्न सकेको छैन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मात्रै करिब ८ अर्ब रुपैयाँ ठेकेदारलाई भुक्तानी गर्न बाँकी छ । निर्माण व्यवसायीको गत आर्थिक वर्षसम्मको १ अर्ब ७१ करोड र चालु आर्थिक वर्ष हालसम्मको दायित्व ६ अर्ब ३० करोड रुपैयाँ तत्काल निकाशा दिने निर्णय भएको छ ।

सडक विभाग महानिर्देशक सुशीलबाबु ढकालका अनुसार यो दायित्व भौतिक योजना तथा यातायात मन्त्रालयअन्तर्गत आयोजनाबाट सिर्जित दायित्वमात्र हो ।

यसअघि गत १६ पुसमा नेपाल निर्माण व्यवसायी महासंघले निर्माण व्यवसायीसँग भएका ९ बुँदे सहमति तत्काल कार्यान्वयन गर्न माग गर्दै आन्दोलन चेतावनी दिएको थियो ।

निर्माण व्यवसायीले गत आर्थिक वर्षसम्म सिर्जना भएको तर सरकारले गर्न नसकेको भुक्तानीदेखि आयोजनाको म्याद थप, समायोजन र म्याद थप हुन नसक्ने आयोजनाको खारेजीसम्म माग गर्दै आएका छन् ।

स्रोत सुनिश्चितता भएका आयोजनाको समेत गरी करिब ३० अर्ब रुपैयाँ निर्माण व्यवसायीले भुक्तानी लिन बाँकी रहेको महासंघ अध्यक्ष रवि सिंहले बताए ।

निर्माण व्यवसायीका अनुसार पुरानो दायित्वमध्ये ठूलो दायित्व प्राविधिक कारणले बिल बनाउन नसक्दा अड्किएको अवस्थामा छ । विगतका सरकारले स्रोत सुनिश्चितता दिएर अगाडि बढाए पनि पछिल्लो आयोजनाको समेत म्याद थप हुन नसकी अलपत्र अवस्थामा रहेका आयोजनामा मात्र काम भएर सिर्जित ३० अर्ब माथिको दायित्व छ ।

यस्ता आयोजनाको बिल बन्न नसक्दा दायित्व भुक्तानीयोग्य देखिँदैन । यसले निर्माण व्यवसायी रुग्ण अवस्थामा पुग्ने महासंघ अध्यक्ष सिंह बताउँछन् ।

**सरकारलाई स्रोत दबाब**

अघिल्लो र चालु आवमा सरकारले स्रोत दबाब बेहोरि रहेको छ । अर्थ मन्त्रालय प्रवक्ता धनिराम शर्माका अनुसार आन्तरिक अन्त:शुल्क र भन्सार राजस्वमा आएको कमीले सरकारलाई स्रोतको दबाब छ । यसलाई अर्धवार्षिक समीक्षाबाट 'रिभ्यु' गरेर जाने योजना रहेको उनले बताए ।

यो वर्ष उठेको राजस्वले चालु खर्चमात्र धान्ने अवस्था छ । सरकारले ६ महिनासम्म कुल ५ खर्ब ६६ अर्ब ६२ करोड रुपैयाँ खर्च गरिसकेको छ । राजस्वबाट आम्दानी भने ५ खर्ब १५ अर्ब रुपैयाँ भएको अर्थले जनाएको छ । यो आव ६ महिनामा चालु प्रकृतिको खर्च ४ खर्ब ३७ अर्ब ३८ करोड गरिसकेको छ । वित्तीय व्यवस्थामा ८० अर्ब रुपैयाँ खर्च भएको छ । तथ्यांकअनुसार उठेको राजस्वबाट चालु खर्च र वित्तीय व्यवस्थाको मात्र खर्चसमेत मुस्किलले धान्न सक्ने अवस्था छ । पूँजीगत खर्च जोहो गर्न भने सरकारले ऋणमा भर पर्नुपरेको छ ।

यो वर्ष सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँबराबर बजेट कार्यान्वयन गरिरहेको छ । जसमध्ये ६ महिनामा ३२.३५ प्रतिशत मात्र खर्च गर्न सकेको छ । यस आवमा सरकारले चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड खर्च गर्ने लक्ष्य राखेको छ । ६ महिनामा लक्ष्यको ३८.३१ प्रतिशत खर्च भएको छ ।

त्यस्तै ३ खर्ब रुपैयाँ पूँजीगत खर्चको लक्ष्य राखिएकोमा १६.३ प्रतिशतमात्र खर्च भएको छ । वित्तीय व्यवस्थामा ३ खर्ब ७ अर्ब रुपैयाँ खर्च गर्ने लक्ष्य रहेकोमा ६ महिनामा २६.०२ प्रतिशतमात्र खर्च भएको छ ।

**राजस्वमा के भयो ?**

चालु आर्थिक वर्ष आधा अवधि सकिँदा सरकारले ५ खर्ब १५ अर्ब रुपैयाँ राजस्व संकलन गर्न सकेको छ । अर्थ मन्त्रालयका अनुसार पुस मसान्तसम्म ६ खर्ब ६८ अर्ब रुपैयाँबराबर राजस्व संकलन लक्ष्य थियो । यसको ७७ प्रतिशत संकलन भएको अर्थ प्रवक्ता शर्माले जानकारी दिए ।

उनका अनुसार पुसमा मात्र १ खर्ब ३४ अर्ब रुपैयाँ राजस्व संकलन भएको छ । यस महिना सरकारले १ खर्ब ८८ अर्ब रुपैयाँ संकलन हुने लक्ष्य राखेको थियो । तर, ५४ अर्ब कम संकलन भएको छ ।

सरकारले चालु आवमा १४ खर्ब २२ अर्ब ५४ करोड १७ लाख रुपैयाँ राजस्व संकलन लक्ष्य राखेको छ । यो वर्ष सरकारले गत आवको तुलनामा ४० प्रतिशतभन्दा माथिको वृद्धिदर हुने अनुमानसहित लक्ष्य निर्धारण गरेको थियो । प्रवक्ता शर्माले यसअनुसार यो वर्ष पनि लक्ष्य भने पूरा नहुने देखिएको बताए ।

**निर्माण व्यवसायीको भुक्तानीमा किन भयो समस्या ?**

अर्थ मन्त्रालयका अनुसार गत आर्थिक वर्ष २०७९/८० सम्म दायित्व सिर्जना भई भुक्तानी दिन नसकेको रकम ६ अर्ब रुपैयाँ हाराहारी थियो ।

अर्थले गत कात्तिकमा निर्माण व्यवसायीको भुक्तानी प्रयोजनका लागि कुन मन्त्रालय/विभागबाट कति दायित्व सिर्जना भएको हो, त्यसको विवरण दिन पत्राचार गरेको थियो । मन्त्रालयका सहसचिव तथा प्रवक्ता शर्माका अनुसार सोहीअनुसार मन्त्रालय/विभागहरूबाट आएका विवरणका आधारमा क्रमश: भुक्तानी गर्न थालिएको छ । यस सिलसिलामा मन्त्रालयहरूलाई रकमान्तरका लागि सहजीकरण गरिएको थियो ।

गत वर्ष सिर्जित दायित्व यो वर्ष भुक्तानी दिनुपर्दा स्वाभाविक रूपमा स्रोत अभाव हुने भएकाले रकम नियमित तिर्न नसकिएको उनले बताए । गत आवमा समेत लक्ष्य अनुसार राजस्व संकलन नभएपछि सरकार चापमा परेको थियो ।

'अर्थ मन्त्रालय थप आर्थिक स्रोतका लागि चापमा रहेको निश्चित हो,' उनले भने, 'तर, सिर्जित दायित्व तिर्नुपर्छ, यसका लागि सकेसम्म सम्बन्धित मन्त्रालयलाई विनियोजित बजेट भित्रबाटै व्यवस्थापन गर्न भनिएको छ, त्यो गर्न नसके हामी विकल्प अपनाएर तिर्नुपर्छ ।'

गत आर्थिक वर्ष सिर्जित दायित्व क्रमश: तिरिसकिएको उनले बताए । चालु आवका लागिसमेत सोहीअनुसार योजना बनाइने उनको भनाइ छ । पुस मसान्तसम्म उठ्ने करले सामान्यतया सरकारले चालु आर्थिक वर्षका लागि निर्धारित लक्ष्य भेट्ने-नभेट्ने तय गर्छ । त्यसपछि अर्थ मन्त्रालयलाई स्रोत व्यवस्थापनमा समेत सहज हुने सहसचिव शर्माले बताए ।

**नयाा ठेक्का प्रभावित !**

स्रोत सुनिश्चितता भएर रुग्ण आयोजनाले निर्माण व्यवसायीको क्षमतामा नै क्षयीकरण गरेको निर्माण व्यवसायी महासंघ अध्यक्ष सिंहले बताए ।

'विगतमा सरकारले ठेक्का लगायो तर पछि निरन्तरता दिएन,' उनले भने, स्रोत सुनिश्चितता भएर पछि रुग्ण बनाइएका आयोजना कि खारेज गरौं, कि नियमित अगाडि बढाऔं भन्ने हाम्रो माग छ ।'

यसले सरकारको अनावश्यक खर्च कम हुने र निर्माण व्यवसायीको क्षयीकरण समेत रोकिने उनले बताए । निर्माण व्यवसायीको भुक्तानी रोकिँदा नयाँ ठेक्का प्रभावित हुने भन्दै यसले उनीहरूको क्षमता विस्तारमा समेत असर पुग्ने उनले बताए ।

धेरैजसो निर्माणका काम बहुवर्षीय ठेक्कामा हुने भएकाले सकेसम्म निर्माण व्यवसायीलाई कमजोर बनाउने गरी भुक्तानी रोक्न नहुने उनी बताउँछन् । यसले अगाडी बढेका आयोजनाका काम समेत प्रभावित हुने र थप आयोजना रुग्ण हुने उनको भनाइ छ । भुक्तानीको विषयलाई सरकारले गम्भीररूपमा लिनुपर्ने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'उपहार' पोस्टरमा रेखा चियावाली, बेनिशा वकिल

काठमाडौं/'झिंगेदाउ' फेम्ड निर्देशक ज्ञानेन्द्र देउजाद्वारा निर्देशित फिल्म 'उपहार'को माघे संक्रान्तिको अवसर पारेर सोमबार चारवटा पोस्टर सार्वजनिक गरिएको छ । कलाकारको चरित्रचित्रण गरिएको एउटा पोस्टरमा अभिनेत्री रेखा थापा चियावालीको रुपमा चित्रित छिन् । उनले काँधमा थर्मस भिरेकी छिन् भने चियाको कप पनि बोकेकी छिन् । रेखाको जोडी अभिनेता मुकुन भुषालसँग बाँधिएको छ ।

चार पोस्टरमध्ये दोस्रोमा अभिनेत्री बेनिशा हमाल वकिलको गेटअपमा प्रस्तुत छिन् भने अर्को पोस्टरमा उनी तेज गिरीसँग बेहुलीको पहिरनमा देखिएकी छन् । अभिनेत्री पूजा शर्मालाई भने चारवटै पोस्टरमा खुसी मुद्रामा देख्न सकिन्छ । फिल्ममा उनको जोडी नव-अभिनेता समर्पण जंग कार्की हुन् । निर्मल शर्मा, राजाराम पौडेल, किरण केसी र शिशिर राणालाई पनि पोस्टरमा अटाइएको छ ।

रेखा फिल्मस् र कपनगढी सिनेमाको निर्माण रहेको




फिल्ममा सुष्मा कार्की, अंशु महर्जन र आशा भुषाल लगायतको अभिनय छ । रेखा थापा प्रस्तुतकर्ता रहेको फिल्ममा सुलभ प्रतिक देउजा र समीक्षा देउजा निर्मातामा छन् । फिल्मको कार्यकारी निर्माता बलराम शाही ठकुरी हुन् । यसअघि नै निर्माण टिमले फिल्मका दुई गीत 'वाह् वाह् वाह्' र 'मुटुको चार आना' सार्वजनिक गरिसकेको छ ।

'उपहार'मा विष्णु कल्पित घिमिरेको छायांकन, अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, प्रमोद ढुंगाना, शंकर अधिकारी 'घायल' र मुक्त उदासको गीत, मित्र डि गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, अभिमन्यु निरवी र माधव शर्माको पटकथा तथा संवाद, अनुपम गौतमको भीएफएक्स र रोशन श्रेष्ठको द्वन्द्व रहेको छ । फिल्मलाई रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरण गर्दैछन् ।

# 'महाजात्रा' गीत : आश्मा र अरुणको नृत्य, रोमान्टिक विपिन र वर्षा

काठमाडौं/सफल फिल्म 'जात्रा' फेन्चाइजको तेस्रो श्रृंखला 'महाजात्रा'को पहिलो गीत सार्वजनिक गरिएको छ । माघे संक्रान्तिको अवसर पारेर युट्युबमा सार्वजनिक गरिएको 'आहा क्या राम्रो' बोलको लोक शैलीको गीतमा मोडल आश्मा विश्वकर्मा र अभिनेता अरुण क्षेत्रीको आकर्षक नृत्य छ भने फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री वर्षा राउत पनि रोमान्टिक भावमा नृत्य गर्दै प्रस्तुत छन् ।



एकनारायण भण्डारीको शब्द रचना, आशिष अविरलको संगीत तथा आशिष र अस्मिता अधिकारीको युगल गायन छ । कविराज गहतराजको कोरियोग्राफी रहेको गीतमा रविन्द्र झा र रविन्द्र सिंह बानियाँ पनि नृत्य गर्दै देखिएका छन् । गीतको अडियो र भिडियो दुवै सशक्त छ । खुलामञ्चमा आकर्षक सेट बनाएर खिचिएको यो गीतको छायांकनमा मात्रै ५ दिन लागेको कविराज बताउँछन् ।

प्रदीप भट्टराईको निर्देशन रहेको फिल्ममा हरिवंश आचार्य पनि मुख्य भूमिकामा छन् । राजाराम पौडेल, अर्जुनजंग शाही, शिशिर वाङ्देल, मोहन निरौला, पुष्कर गुरुङ, दिव्य देव, गौमाया गुरुङ, प्रकाश घिमिरे, सुमन कार्की, रजनी गुरुङ लगायतको पनि फिल्ममा अभिनय छ । षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको फिल्म आगामी चैत ९ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ ।

रविन्द्र सिंह बानियाँ कार्यकारी निर्माता रहेको 'महाजात्रा'को निर्माता म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल हुन् । पुरुषोत्तम प्रधानको छायांकन र मित्र डि गुरुङको सम्पादन रहेको फिल्ममा निर्देशक भट्टराई स्वयंको लेखन छ । 'जात्रा'को अघिल्ला दुई सिरिज पैसा र सुनमा केन्द्रित भएर बनेका थिए । 'महाजात्रा'मा भने सुन र पैसासँगै राष्ट्रिय मुद्दा (राजनीति)लाई पनि समेटिएको बताइएको छ ।

# प्रधानमन्त्री कपमा ३ वर्षपछि विनोदको शतक

काठमाडौं/प्रधानमन्त्री कप क्रिकेटमा सोमबार मधेश प्रदेश विरुद्ध त्रिभुवन आर्मी क्लबका कप्तान विनोद भण्डारीले शतक पूरा गरेका छन् । उनको प्रधानमन्त्री कप क्रिकेटमा यो दोस्रो र समग्र घरेलु प्रतियोगितामा चौथो शतक हो ।

एउटा संयोग नै मान्नुपर्छ ३ वर्षअघि जनवरी १५ कै दिन प्रधानमन्त्री कपमा पहिलो शतक हानेका विनोदले यसपटक पनि जनवरी १५ मै शतक बनाए । 'खास केही होइन, खेल्दै जाँदा बनेको संयोग हो', उनले पत्रकारहरुलाई जवाफ दिए । २०७७ सालको प्रधानमन्त्री कपमा विनोदले गण्डकी प्रदेशविरुद्ध शतक बनाएका थिए । घरेलु प्रतियोगितामा उनले पहिलो पटक सन् २०१९ मा भएको मनमोहन मेमोरियल राष्ट्रिय क्रिकेट प्रतियोगितामा शतक बनाएका थिए । त्यतिबेला उनले कर्णाली प्रदेशविरुद्ध ६५ बलमा १०३ रन बनाएका थिए ।

उनले तेस्रो शतक २०२१ को मार्चमा मेयर कप क्रिकेटमा बागमतीविरुद्ध बनाएका थिए । त्यो खेलमा ११९ रन बनाए पनि आर्मी १० रनले पराजित भएको थियो । तर यसपालि भने विनोद शतक बनाउँदै टिमलाई १२६ रनको फराकिलो जित दिलाउन सफल भए ।

त्रिवि क्रिकेट मैदानमा बिहानको ओसिलो पिचमा मधेशले टस जितेर आर्मीलाई ब्याटिङको निम्तो दिएको थियो । आर्मीका ओपनर इमरान शेख र सन्तोष कार्कीले पहिलो विकेटका लागि ५३ रनको साझेदारी गर्दै राम्रो रन बन्ने आधार तयार गरेका थिए । पावर प्ले सकिए लगत्तैको ओभरमा इमरान व्यक्तिगत २६ रनमा आउट भए ।

तेस्रो नम्बरमा ब्याटिङमा आएका भीम सार्की १८ रन बनाउँदै आउट भएपछि विनोद चौथो नम्बरमा ब्याटिङमा आएका थिए । जतिबेला टिमको स्कोर १६.५ ओभरमा २ विकेटको क्षतिमा ८५ रन थियो ।

पावर प्लेमा विकेट नगएको र ओपनिङमा राम्रो सुरुवात भएपछि विनोद लामो समय क्रिजमा टिक्ने र खेललाई अघि बढाउने योजना अनुसार मैदान छिरेका थिए । '१० ओभरसम्म विकेट नजाओस् भन्ने थियो । शेख (इमरान) र सन्तोषले राम्रो खेलिरहेका थिए', विनोदले भने, 'बल फसिरहेको थियो । भित्र जाँदा जति सक्यो धेरै टिक्ने भन्ने थियो ।'

एक दिवसीय क्रिकेटका लागि राष्ट्रिय टिममा पर्ने र बाहिरिने गरिरहे पनि विनोद टी-२० टिममा भने परिरहेका थिए । उनले गत अक्टोबरमा भएको एसियाली खेलकुदमा राष्ट्रिय टिमबाट २० ओभरको क्रिकेट खेलेका थिए ।

त्यस्तै दुई हप्ताअघि मात्रै वीरगञ्जमा भएको टी-२० फर्म्याटकै नेपाल प्रोक्लब च्याम्पियनसिप पनि उनले खेलेका थिए । लगतार टी-२० खेलिरहेकाले एकदिवसीयमा सिफ्ट हुँदा जति सक्यो धेरै समय क्रिजमा टिक्ने लक्ष्य नै आफ्नो रहेको विनोद सुनाउँछन् ।

उनले पाँचौ विकेटका लागि कुशल मल्लसँग १३२ रनको शतकीय साझेदारी गरे । यो साझेदारीले नै आर्मीलाई ३२० को बलियो लक्ष्य तयार गर्न सहज भएको थियो । दुई जनाले एक अर्कालाई बुझ्दा साझेदारी गर्न सहज भएको विनोदले बताए । 'हाम्रो कम्बिनेसन मिल्छ, मेरोबाट डट भए पनि उसको बाट रन आउँछ भन्ने विश्वास एक अर्कामा हुन्छ', उनी भन्छन् । कुशल ३७ रन बनाउँदै आउट भएपछि आएका विवेक यादवसँग २० रनको साझेदारी गरेपछि विनोद व्यक्तिगत ११३ रनमा आउट भए ।

४३.५ ओभर सकिएको त्यतिबेला आर्मीको स्कोरबोर्डमा ६ विकेटको क्षतिमा २५४ रन बनेको थियो । त्यसपछि विवेक व्यक्तिगत ३७ तथा बसिर अहमद १६ रन बनाउँदै आउट भए । खेलको अन्तिम बलमा १० विकेट गुमाउँदा आर्मीले ३२० रन बनाएको थियो ।

**एस्ट्रो टर्फको अभ्यासले सुधार**

यो प्रतियोगिताका लागि आर्मीले हिमालयन क्रिकेट एकेडेमीको एस्ट्रो टर्फ (कृतिम घाँस) मा अभ्यास गरिरहेको छ । टर्फमा गरेको अभ्यासले नै सबै खेलाडीलाई खेल्न र खुल्न सहज भएको विनोदको ठम्याइ छ । 'यो पटक हामीले टर्फमा ट्रेनिङ गर्दा पनि फरक परेको हो,' उनले भने, 'सबै खेलाडीलाई खेल्न सहज भएको छ ।' टर्फको अभ्यासले बलरमा पनि आत्मविश्वास बढेको र नतिजा निस्किएको बताए ।

# राष्ट्रको गरिबी बाध्यता कि...

हामी भने एकातिर पूँजीवाद-उदारवाद, साम्यवाद-समाजवाद जस्ता दार्शनिक भ्रमग्रस्त छौं, अर्कोतिर अर्थतन्त्रको उदारीकरण प्रक्रिया चरणमै अड्किएर बसेको छ । अर्थतन्त्रको उदारीकरण र निरपेक्ष नवउदारवादी बजारवादको भिन्नता हामी अझै बुझ्न सकिरहेका छैनौं । समाजवादको नाममा 'राज्यवाद' को र उदारवादको नाममा 'निरपेक्ष बजारवाद' को पैरवी गर्नेहरू अझै बलिया छन् । राजनीतिमा शास्त्रीय साम्यवाद र परम्परागत उदारवादको वर्चस्व कायम रहुन्जेल नेपालको समृद्धि असम्भव छ । तर, यो यथार्थलाई कसैले बुझ्न चाहिरहेको छैन भने यो बाध्यता हो कि छनोट ?

समृद्धिको चौथो महत्वपूर्ण आधार 'अवसरहरूको उपयोग' मात्र हैन, स्वयं 'नयाँ अवसरहरूको सृजना वा अधिकीकरण' हो । दुर्भाग्यको कुरा हामीले भएकै अवसरको त उपयोग गरिरहेका छैनौं, नयाँ अवसर सृजना गर्ने त परै जाओस् । देशका आर्थिक अवसर भनेर पहिचान भएका क्षेत्रमध्ये जलविद्युत्को उत्पादन केही बढेको छ, तर अरू सबै क्षेत्र निराशाजनक अवस्थामा छन् । उद्योग र कृषि क्षेत्र सबैभन्दा बढी निराशाजनक छ । सेवा क्षेत्रमा केही स्वस्फूर्त विकास भएको छ, जो पहिलो चरणको उदारीकरणको प्रतिफल थियो ।

पाँचौं र अन्तिम कुरा- नेतृत्वको दूरदृष्टि, कल्पनाशीलता, संकल्प र व्यवस्थापकीय सीप । जस्तो कि अहिले युएईको मिथ बजारमा प्रभावशाली छ । युएईसँग के थियो ? उर्बरा जमिन थिएन । त्यो समुद्र किनारको मरुभूमि । जैविक विविधता थिएन । भौतिक पूर्वाधार र विकासको लामो इतिहास र विरासत थिएन । लोकतन्त्र र लोकतान्त्रिक नेतृत्व छैन । तेल मात्रै पनि प्रमुख कारण हैन । युएईको अर्थतन्त्रमा तेलले २० प्रतिशतभन्दा बढी योगदान गर्दैन अहिले । तर, त्यसले किन आफूलाई अन्तर्राष्ट्रिय व्यापार र पर्यटनको केन्द्र बनाउन सक्यो ?

धेरैले यसको कारण 'नेतृत्वको गुणस्तर' लाई मानेका छन् । भलै कि त्यो राजनीतिक रूपमा अधिनायकवादी नेतृत्व हो । विचारधाराले इस्लामिक कट्टरपन्थको पृष्ठभूमिमा किन त्यसले उदार र मध्यमार्गी इस्लामको बाटो रोज्यो ? यी प्रश्न नि:सन्देह महत्वपूर्ण छन् ।

हामी विगत दुई दशकदेखि 'तीन दल र तीन नेता' को दुष्चक्रभित्र जसरी फसेका छौं- यो हाम्रो बाध्यता हो कि छनोट ? नि:सन्देह बाध्यता हैन, छनोट हो । कुनै नेतृत्व बारम्बार व्यावहारिक संपरीक्षणबाट असफल सावित भइसक्दा पनि हामी त्यसप्रतिको मोह त्याग गर्न सक्दैनौं भने त्यो बाध्यता हैन, छनोट हो ।

समग्रमा नेपाल राष्ट्रको विद्यमान गरिबी नेपालको छनोट हो, बाध्यता हैन । जुन दिन नेपालले गरिबीको साटो समृद्धिको छनोट गर्ने छ, नेपाललाई धनी हुनबाट कसैले रोक्न सक्ने छैन । त्यो पनि १०-२० वर्ष भित्र हामी औसत आयस्तरको लक्ष्य हासिल गर्न सक्नेछौं । त्यति नै समयमा यो उपलब्धि हासिल हुन सक्दछ, जति समय हामीले खेर फालिसकेका छौं ।

*(साभार: अनलाइनखबर)*


# फिल्म 'म्याउँ' घोषणा, मुख्य भूमिकामा अनुप र उत्तम

काठमाडौं/जय राज रायको लेखन तथा निर्देशनमा फिल्म 'म्याउँ' निर्माण हुने भएको छ । सोमबार माघे संक्रान्तिको अवसर पारेर एक पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो । पोस्टरमा विरालोको आँखालाई डरलाग्दो रुपमा चित्रित गरिएको छ भने अभिनेता अनुपविक्रम शाही पिठ्यूँको कसिलो शरीरसहित सर्टलेस अवतारमा प्रस्तुत छन् । उनको अनुहार भने देखाइएको छैन ।

'दर्पण छायाँ' फेम्ड अभिनेता उत्तम प्रधानले 'म्याउँ'बाट करिब १२ वर्षपछि अभिनयमा कमब्याक गर्ने भएका छन् । अनुपको भने यो महत्त्वाकांक्षी फिल्म मानिएको छ । फिल्ममा मुख्य अभिनेत्रीको टुंगो लागिसकेको छैन । जय मिडिया म्यानेजमेन्टको प्रस्तुतिमा बन्ने फिल्मको दोस्रो श्रृंखला पनि निर्माण हुनेछ । निर्देशक रायकै निर्माण रहने फिल्मलाई २०२४ मा रिलिजको तयारी गरिएको छ ।

फिल्मको कथासारबारे प्रष्ट पार्दै निर्देशक राय भन्छन्, 'मानसिक रूपमा विक्षिप्त साइको किलर, जसको आफ्नै समस्याग्रस्त अतीत छ । उसले समाजमा देखाउने आफ्नो उपस्थिति र त्यसबाट उत्पन्न परिस्थितिको कथामा फिल्म बन्नेछ । 'ट्विस्ट एन्ड टर्न'को भरपुर गरी सानदार अनुभव दिलाउने प्रयास गर्नेछौं ।' फिल्ममा आकाश कुमारको डिओपी रहनेछ, जो साउथ फिल्मका छायाँकार हुन् ।

फिल्मका गीतमा एजे अलीमिर्जाक नौशाद अलीको संगीत तथा साई भिग्नेश र पद्मलताको पार्श्व गायन रहनेछ । उनीहरु पनि




साउथ फिल्ममा आबद्ध छन् । लक्ष्मण सुनारको एशोसियट निर्देशन तथा सम्पादन रहने फिल्म चीनमा पनि रिलिज हुनेछ । जसको लागि चिनियाँ वितरक कम्पनी साउथ एसिया मेरीटाईम सिल्क रोड (फुजियान) ईन्टरनेसनल मिडिया को. लि. फिल्ममा जोडिएको छ ।

जेनी खतिवडा राय, केन्द्र रेग्मी र प्रिन्स कुमार चौधरी सह निर्माता रहेको फिल्मकी कार्यकारी निर्माता निशा खतिवडा हुन् । भुटानी फिल्ममा अनुभव लिएका सुमन माझीको साउन्ड डिजाइन तथा सुदिप भण्डारीको भीएफएक्स रहनेछ । पोस्टरले फिल्ममा अनुप एक्सन अवतारमा प्रस्तुत हुने बुझ्न सकिन्छ । प्राप्त जानकारी अनुसार, यो फिल्ममा उनी साइको किलरको भूमिकामा देखिनेछन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# राक्सिराङ्मा दोस्रो हाटबजार, अझै ९ पटक चलाइने

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ जिल्लाको विकट राक्सिराङ गाउँपालिकामा चालु आर्थिक वर्षमा १० पटक हाटबजार मेला आयोजना हुने भएको छ । हाटबजार ५ नम्बर वडाको चैनपुरमा हुनेछ ।

पुस १५ गतेबाट सुरु भएको हाटबजारको दोस्रो संस्करण १ माघ सोमबार भएको छ । हाटबजारको श्रृंखला अन्य ९ वटा बाँकी रहेको गाउँपालिकाले जानकारी दिएको छ । गाउँपालिकाले जनाए अनुसार अब माघ १५, फागुन १ र १५, चैत १ र १५, बैशाख १ र १५, जेठ १ र १५ मा हाटबजार सञ्चालन हुनेछ । अध्यक्ष राजकुमार मल्लले हाटबजारलाई नितान्त मौलिक उत्पादन, कला, साहित्यको चौतारीको रुपमा विकास गरिने बताए ।




जस अनुसार हरेक हाट बजारमा फरकफरक वडाले आफ्नो कला, साहित्य, संस्कृति प्रदर्शन गर्नेछन् र प्रतियोगितात्मक रुपमा अघि बढाइनेछ । आज माघ १ गतेको वडा नम्बर ३ को तर्फबाट हाटबजारको व्यवस्थापन र प्रस्तुति गरिएको छ । स्थानीय कला, भाषा, साहित्य र संस्कृतिको प्रदर्शनी गरी ३ नम्बर वडाले उत्कृष्ट प्रदर्शन गरेको वडाध्यक्ष उत्तम वाइबाले बताए । 'हाम्रो वडामा रहेको लोकप्रिय पन्चेबाजा, नेपालकै पहिलो चेपाङ गायक रविनकुमार चेपाङको प्रतिभासहित थुप्रै लुकेर बसेका कला, साहित्य र संस्कृतिलाई प्रस्तुत गरिएको वडाध्यक्ष वाइबाले बताए ।

माघ १५ गते ८ नम्बर वडा कार्यालय, फागुन १ गते ७ नम्बर वडा कार्यालय फागुन १५ गते ६ नम्बर वडा कार्यालय, चैत १ गते ५ नम्बर वडा कार्यालय, चैत १५ गते ४ नम्बर वडा कार्यालय, बैशाख १ गते ९ नम्बर वडा कार्यालय, बैशाख १५ गते २ नम्बर वडा कार्यालय, जेठ १ गते १ नम्बर वडा कार्यालयले हाटबजारमा प्रस्तुतिको व्यवस्थापन गर्नेछन् । जेठ १५ गते भने हाटबजार व्यवस्थापन समितिले औपचारिक कार्यक्रम गरी उत्कृष्ट प्रस्तुति दिनेलाई प्रमाणपत्र, पुरस्कारसहित हाटबजारको ब्यवस्थापन गर्ने कार्यसूचि छ ।

हाटबजारमा हाल स्थानीय उत्पादनहरु चिउरीको मह, तरुल, गहत, मास, मस्याङ, भटमास, गोलभेँडा, काउली, गुन्द्रुक, लोकल कुखुरा, लोकल खसीको मासु, लोकल बंगुरको मासु, आरनमा उत्पादित फलामे औजारसहित स्थानीय उत्पादनको बिक्री भइरहेको छ ।

बजारबाट गएका बजारिया सामग्रीको बिक्री बितरणलाई घटाउँदै लैजाने तयारी समेत रहेको हाटबजार प्रचारप्रसार समितिका संयोजक ज्ञानेन्द्र तामाङले जानकारी दिए ।

# मकवानपुरगढीमा काका हराएको ८४ वर्षपछि किरिया



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ मकवानपुरगढी गाउँपालिकामा आफ्नो काका हराएको ८४ वर्षपछि एक भतिजाले काजकिरिया गरेका छन् । हराएको मानिसको उमेर एकसय वर्ष पुगेपछि किरिया गर्ने चलन हाम्रो समाजमा छ ।

मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा १६ वर्षको उमेरमा हराएका आफ्नो काकाको किरिया भतिजाले गरेका हुन् । मकरनाथ दुलालका चारभाइ छोरामध्ये माइला छोरा चन्द्रप्रसाद १६ वर्षको उमेरमा हराएका थिए । उनी हराएकै ८४ वर्ष भयो । चन्द्रप्रसाद कान्तिलोकपथअन्तर्गत ललितपुरको भट्टेडाँडा छपेलीबाट हराएका हुन् । वि.सं. १९८० जन्मिएका उनी हराएको करिब ८४ वर्ष भएको भतिजा कृष्णप्रसाद दुलालले बताए ।

उनको उमेर एकसय वर्ष पुगेपछि उनका जेठा दाजुका छोरा कृष्णप्रसादले आफ्नो हराएका काकाको काजकिरिया गरेका हुन् ।

काका हराएको वा वेपत्ता पारियोको बारे जानकारी नभएको उनले बताए । 'अझै भनौ आफूले काका नै देखेकै छैन । उहाँ हराउनुभयो, उहाँको उमेर सयवर्ष पुग्यो र अहिले उहाँको काजकिरिया गर्दैछु ।', कृष्णप्रसादले भने । हराएको वा वेपत्ता पारिएको मानिसको पुत्ला दहन गरेर कर्म गर्नुपर्ने जानकारहरु बताउँछन् । पुस २६ गते कुसको पुत्ला बनाई धार्मिक परम्परागत रुपमा दागवत्ति दिएर काजकिरिया गरेको उनले जनाए ।

# मकवानपुरसहित १० जिल्लामा दुर्गमका चिकित्सकलाई प्रोत्साहन भत्ता




साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले सुदृढ स्वास्थ्यसेवाको लक्ष्य लिएर दुर्गमक्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

काठमाडौं उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरबाहेकका १० जिल्लामा कार्यक्रम सञ्चालन गरिने भएको छ । दुर्गमक्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काभे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुलीमा कार्यान्वयन हुने भएको छ । प्रदेश सरकारले स्वास्थ्य सेवामाथि नागरिकको पहुँच वृद्धिसँगै विशिष्टीकृत सेवा सहजरुपमा प्रदान गर्न नयाँ कार्यक्रम ल्याएको जनाएको छ । नागरिकलाई प्रादेशिक अस्पतालबाट गुणस्तरीय र विशेषज्ञ स्वास्थ्यसेवा प्रदान गर्न विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन भत्ता प्रदान गरिने जनाइएको छ ।

दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागु भएका प्रदेशका अस्पतालका विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन सुविधा बापत भत्ता प्रदान गरिने छ । प्रदेश सरकारले चालु आवका लागि कार्यक्रम कार्यान्वयन गर्न पाँच करोड रुपैयाँ विनियोजन गरेको छ ।

विशेषज्ञ चिकित्सकले प्रदेशका अस्पतालबाट सेवाप्रदान गरेको आधार दाबी आएपछि भत्ताबापतको रकम निकासा हुनेछ । विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधाको दर भौगोलिक स्थान र न्यूनतम सेवा मापदण्डको अंकका आधारमा फरक रहेको छ ।

रसुवा, दोलखा र रामेछाप, नुवाकोट, सिन्धुली, धादिङ, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक तथा चितवन र मकवानपुरको गरी तीन वर्गमा जिल्लालाई प्रोत्साहन सुविधा दिन विभाजन गरिएको छ । महिनाको २६ कार्यदिन रुजु हाजिर भई कामकाज गरेका विशेषज्ञ चिकित्सकलाई शतप्रतिशत सुविधा उपलब्ध गराउनुपर्ने र २६ कार्यदिनभन्दा कम कार्यदिन हाजिर भई कामकाज गरेकोमा प्रतिदिन ३.५ प्रतिशतका दरले कट्टा गरेर बाँकी रकम विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन सुविधा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रादेशिक अस्पतालमा गएर काम गर्न प्रोत्साहित गर्न, मनोबल बढाउन, प्रादेशिक अस्पतालको सेवा स्थायित्व कायम राख्न र स्वास्थ्यसेवा प्रवाहमा थप जिम्मेवार बनाउन विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन आवश्यक भएको मन्त्रालयको जिकिर छ ।

प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले चिकित्सक दुर्गम क्षेत्रमा जानै नमान्ने र गए पनि लामो समय नबस्दा नागरिकले सामान्य स्वास्थ्य सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था रहेकाले पहिलो पटक विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम ल्याएको जानकारी दिए । उनले प्रादेशिक अस्पतालबाट गुणस्तरीय र विशेषज्ञ सेवा नागरिकलाई सहज रुपमा दिन कार्यक्रम ल्याइएको बताए ।

# मनहरीखोला किनारमा पाँचौ मनहरी महोत्सव




साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ मकवानपुरको दोस्रो ठूलो व्यापारिक केन्द्र मनहरी बजारमा पाँचौ संस्करणको मनहरी महोत्सव आयोजना हुने भएको छ । मनहरी महोत्सव यसवर्ष जिल्लाको तेस्रो महोत्सव हुनेछ ।

यसअघि थाह नगर पालिका र हेटौंडामा महोत्सव आयोजना भइसकेका छन् । मनहरी महोत्सव यसअघि कोभिड-१९ का कारण रोकिएको थियो । माघ १६ गतेबाट महोत्सव सञ्चालन हुने आयोजक मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिले जानकारी दिएको छ ।

मनहरी-७ स्थित रोटरी मार्केटमा आयोजना गरिएको पत्रकार भेटघाट कार्यक्रममा संघका सभापति एबम् महोत्सव मूल आयोजक समितिका संयोजक गणेशमान मानन्धरले माघ १६ देखि सुरु हुने महोत्सव माघ २८ गते समापन हुने जानकारी दिए ।

महोत्सवको व्यवस्थापनका लागि सभापति मानन्धरको संयोजकत्वमा मूल समिति गठन भएको छ भने पश्चिम क्षेत्र समितिमा रहेका २३ जना कार्यसमिति सदस्य र पदाधिकारी सबैलाई फरकफरक बिषय र क्षेत्रका संयोजक तोकेर २३ वटा समिति निर्माण गरिएको छ । संघका निवर्तमान सभापति नारायण सुवेदीले पश्चिम मकवानपुरको मौलिक उत्पादनको प्रवर्द्धनमा महोत्सवले ध्यान दिएको बताए ।

'महोत्सवमा हामीले लोकल कुखुरा, घट्टमा पिसेको मकै, कोदोको पिठोको व्यापार राम्रो भएको देख्यौं ।', निवर्तमान सभापति सुवेदीको भनाई थियो, 'यसक्षेत्रका मास, गहत, भटमाससहितका कृषि र पशुजन्य उत्पादनको प्रवर्द्धन गर्न हामीले तत्परता देखाएका हौं ।',

महोत्सवमा १५० वटा स्टल रहनेछन् । यीमध्ये स्थानीय कृषि, पर्यटन, पशुपंक्षीलगायतको प्रवर्द्धनका लागि २० वटा स्टल सम्बन्धित पालिकाको सिफारिसमा नि:शुल्क व्यवस्था गरिएको छ । महोत्सवमा हात्ती सफारीमार्फत् वन्यजन्तुको अवलोकनको व्यवस्था पनि गरिने संघका महासचिव पदमबहादुर तितुङले जानकारी दिए । मनहरी महोत्सवको पाँचौ संस्करणमा आइपुग्दा फरक-फरक ३ स्थानमा आयोजना भएको छ । २०६७ सालमा पहिलो मनहरी महोत्सव राष्ट्रिय रोटरी माध्यमिक विद्यालयको परिसरमा आयोजना भएको थियो भने त्यस यता मनहरी-८ स्थित बेलुवा बगर र मनहरी-७ स्थित माथिल्लो बजार मनहरी खोलाकिनारमा हुँदै आएको छ ।

# विनयबाबु प्रतिष्ठानलाई जिल्लास्तरीय भलिबल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/थाहा नगरपालिका-९, स्थित चित्लाङमा भएको जिल्लास्तरीय रनिङशिल्ड भलिबल प्रतियोगिताको उपाधि स्थानीय विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानले जितेको छ ।

स्वच्छन्दभैरव युवा क्लवको आयोजनामा भएको प्रतियोगिताअन्तर्गत् सोमबारको फाइनल खेलमा छहारी युवा समाज हेटौंडालाई २५-१९, २५-२२, २६-२४ को सोझो सेटले पराजित गर्दै विनयबाबुले २७ औं संस्करणको उपाधि जितेको हो । प्रतियोगिताको विजेता टिमले नगद ६० हजार, उपविजेता टिमले नगद ३० हजार र तेस्रो हुने टिमले नगद २० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा चित्लाङ खेलकुद विकास समिति थाहा-९ तृतीय भएको थियो ।

प्रतियोगितामा छहारी युवा समाजका निश्चल रानामगर बेष्ट स्पाइकर, छहारीकै निश्चल कौजा बेष्ट सटर, बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका उज्जवल लामा बेष्ट लिब्रो, विनयबाबुकै उपास विष्ट बेष्ट ब्लकर, विनयबाबुकै निराजन गुरुङ बेष्ट प्लेयर घोषित भएको स्वच्छन्दभैरव युवा क्लवका सचिव निर्मल बलामीले जानकारी दिए । प्रतियोगितामा विनयबाबुका शंकर कार्की बेष्ट कोच घोषित भए ।

स्वच्छन्दभैरव युवा क्लवका अध्यक्ष पुण्यमान बलामीको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका प्रतिनिधि सभा सदस्य महेश बर्तौलाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि बर्तौलाले चित्लाङमा हुने हरेक खेलमा आफ्नो सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । प्रतियोगिताले व्यावसायिक खेलाडी उत्पादन गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरेका छन् । थानकोट चित्लाङको बाटोमा अनावश्यक राजनीति भएकोले गर्दा बाटो निर्माणमा बजेट ल्याउन नसकेको उनको भनाइ थियो ।

# स्वास्थ्य बीमामा १० प्रतिशत सहभुक्तानी नीति लागु




काठमाडौं, १ माघ/स्वास्थ्य बीमा बोर्डमा सोमबार (१ माघ)देखि सहभुक्तानी नीति लागु भएको छ । स्वास्थ्य बीमा बोर्डले सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई पत्र लेख्दै यस्तो जानकारी गराएको हो ।

बोर्डका अनुसार २७ पुसको निर्णय अनुसार सोमबारदेखि स्वास्थ्य बीमामा सहभुक्तानी प्रणाली लागु गर्ने गरी मिति तय भएको बोर्डका उपसचिव बाबुराम खनालले जानकारी दिए । यस प्रणाली अन्तर्गत अब बीमितले खर्चको १० प्रतिशत बेहोर्नु पर्छ ।

१ माघदेखि सहभुक्तानी प्रणाली लागु गरी बीमा व्यवस्थापन सूचना प्रणाली (आईएमआईएस)मा समेत सोही अनुसार मिलाइएको बोर्डले जनाएको छ । यससँग सम्बन्धित कार्यविधि तयार गरी बोर्डले कार्यान्वयनमा ल्याएको हो ।

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य लिटरमा १ रुपैयाँ घट्यो

काठमाडौं, १ माघ/ नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टितेलको मूल्य प्रतिलिटर १ रुपैयाँले घटाएको छ ।



भारतबाट पछिल्लो समय मूल्य घटेर आएकाले समायोजन गरेको सोमबार विज्ञप्ति निकालेर जानकारी दिएको छ ।

मूल्य घटेपछि सोमबार राति १२ बजेदेखि काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १६६ कायम भएको छ भने डिजेल र मट्टितेल प्रतिलिटर १५६ कायम भएको छ ।

त्यस्तै चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोबाट बिक्री हुने ठाउँमा पेट्रोलको मूल्य प्रतिलिटर १६३ रुपैयाँ ५० पैसा र डिजल तथा मट्टितेल १५३ रुपैयाँ कायम भएको छ ।

सुर्खेत र दाङ क्षेत्रमा भने पेट्रोल प्रतिलिटर १६५ र डिजल तथा मट्टितेल १५५ कायम भएको छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना